छिन्नमस्ता गाउँपालिका
Chhinnamasta Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
छिन्नमस्ता , सप्तरी
Chhinnamasta, Saptari
मधेश प्रदेश,नेपाल
Madhesh Province , Nepal

प.स.(Letter No):२०७९/०८० Website:www.chhinnamastamun.gov.np

मिति(Date):२०७९/०९/२१

**सूचना !** **सूचना !!** **सूचना !!!**

***विषयः छोरी शिक्षा बीमा / मुद्दती बचत कार्यक्रम आवेदन सम्बन्धमा ।***

उपरोक्त सम्बन्धमा "मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ" अभियान अन्तर्गत छोरी शिक्षा बीमा / मुद्दती बचत कार्यक्रममा मिति २०७८/१०/०१ गते देखि जन्मिएका छोरीहरुको आवदेन अनुसूची १ बमोजिम तल दिइएको लिंकमा गई अनलाईन मार्फत आवेदन गर्न र आवेदन गर्ने तरिका समेत सोही लिंकबाट प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुसूचीहरु साथ यो सूचना प्रकाशित गरिएको छ । http://beema.proactiveserver.net/

**छोरीको आवेदन दिदा चाहिने कागजातहरु**

**छोरीको कागजातहरु**

- ✓ छोरीको जन्म दर्ता प्रमाणपत्रको स्क्यान प्रतिलिप
- ✓ छोरीको पासपोर्ट साइजको फोटो
- ✓ छोरीको उमेर प्रमाणित गर्ने कागजातको स्क्यान प्रतिलिपि

**अभिभावकको कागजातहरु (दुवै वा कुनै एक को )**

- ✓ .बुवाको नागरिकताको प्रमाणपत्रको स्क्यान प्रतिलिपि
- ✓ बुवाको पासपोर्ट साइजको फोटो
- ✓ आमा को नागरिकताको प्रमाणपत्रको स्क्यान प्रतिलिपि
- ✓ आमाको पासपोर्ट साइजको फोटो

**निवेदन तथा अन्य कागजातहरु**

- ✓ अनुसूची- २ बमोजिमको ढाँचाको निवेदन पत्रको स्क्यान प्रतिलिपि
- ✓ अनुसूची- ३ बमोजिम ढांचामा प्रतिवद्धता पत्रको स्क्यान प्रतिलिपि
- ✓ स्थानीय तहको सिफारिसको स्क्यान प्रतिलिपि (वडा कार्यालयबाट प्राप्त)

**धर्ममामा वा धर्मपिताले धर्मपुत्री लिएको हकमा**

- ✓ धर्मपुत्री लिएको कानून बमोजिमको लिखितको स्क्यान प्रतिलिपि

**वैकल्पिक स्याहारमा रहेको हकमा**

- ✓ संरक्षकत्व ग्रहण गरेको प्रमाणपत्रको स्क्यान प्रतिलिपि

**नोटः**

**क) आवदेन दर्ता गर्न पछि आवश्यक पर्ने पूर्ण विवरण आवेदकलाई उपलब्ध गरि स्टूडियो वा अन्य जो कोहीले प्राश्रामिक/खर्च वापत बढीमा रु. १५० लिई आवेदन दर्ता गर्न सहयोग गर्न सकिने छ ।**

**ख) वडा कार्यालयहरुले सिफारिस गरेको संख्यात्मक विवरण अध्यावधिक गरि राख्नु पर्नेछ र माग भएको समय यस कार्यालय वा सम्बन्धित निकायमा उपलब्ध गराउनु पर्नेछ ।**

अनुसूची:- १

(बुँदा नं.३(१) सँग सम्बन्धित)

## अभिभावक वा संरक्षकले पेश गर्नु पर्ने आवश्यक कागजात

मिति २०७८ माघ १ गते पछि जन्मेका छोरीहरुलाई शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा संलग्न गराउन अभिभावक वा संरक्षकले शिक्षा विकास निर्देशनालयले प्रकाशित गरेको सूचनाको म्याद भित्र तपसिल बमोजिमका कागजात सहितको निवेदन शिक्षा विकास निर्देशनालयमा दिनुपर्नेछः-

तपसिलः-

१. अनुसूची:- २ बमोजिमको ढाँचामा निवेदन पत्र ।
२. अनुसूची:- ३ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र।
३. छोरीको जन्म दर्ता प्रमण पत्रको प्रतिलिपि।
४. छोरी शिक्षा बीमा/मुद्दती बचत खाता कार्यक्रममा सहभागीको लागि छोरीको उमेर खुल्ने गरी स्थानीय तहको सिफारिस पत्र।
५. अभिभावक मध्ये एक वा दुवैको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
६. अभिभावकको पासपोर्ट साईजको फोटो ।
७. कार्यक्रममा सहभागी हुने छोरीको पासपोर्ट साईजको फोटो ।
८. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट online मार्फत छोरीको जन्म दर्ता गराइएका जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि।
९. धर्मपुत्रीको हकमा निजका धर्मपिता वा धर्मआमाले धर्मपुत्री लिएको कानून बमोजिमको लिखितको प्रतिलिपि।
१०. वैकल्पिक स्याहारमा रहेको व्यक्तिको हकमा संरक्षण गर्ने संस्थाका प्रमुखको नागरिकता प्रमाण पत्रको प्रतिलिपि, संस्थाले संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि र संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि।
११. व्यक्ति संरक्षक भएको हकमा व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकत्व ग्रहण गरेको प्रमाणको प्रतिलिपि।

तर आमा वा बुवा नभएको अवस्थामा निज छोरीको एकाघरका हजुरवुवा वा हजुरआमाको नागरिता प्रमाणपत्र सहित निवेदन दिनु पर्नेछ ।

अनुसूचीः- २

(अनुसूची-१(१) सँग सम्बन्धित)

| निवेदकको फोटो | छोरीको फोटो |
|---|---|

श्रीमान निर्देशक ज्यू,

शिक्षा विकास निर्देशनालय, मधेस प्रदेश, जनकपुरधाम धनुषा।

मार्फत

........................................ गा.पा/न.पा./उ.म.न.पा................

.................................जिल्ला

२०७९।    ।

निवेदकको नामः-..........................    छोरीको नामः- .......................

**बिषयः- बचत मुद्दती खाता खोल्न सिफारिस गरी पाऊँ ।**

प्रस्तुत विषयमा मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाउँ अभियान अन्तर्गतको छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा सहभागि हुन मिति ............................ मा जन्मेको ............................ नातिनी................................ (आमा) ......................... (बाबु) को .......................... महिनाको छोरी .................................. को अनुसूचि-१ बमोजिमका प्रमाणित कागजात संलग्न राखी छोरीको नाममा बचत मुद्दती खाता खोल्ने शिफारिस गरि दिनु हुन अनुरोध गर्दछु । मैले निवेदनको साथमा पेश गरेका कागजातहरु किर्ते/झुठ्ठा ठहरिएमा कानून बमोजिम सहुँला बुझाउँला।

सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

निवेदक

नाम :

ठेगाना:

हस्ताक्षर

मिति

अनुसूचीः- ३

प्रतिवद्धता पत्रको ढाँचा

(अनुसूची-१(२) सँग सम्बन्धित)

म ..................................... जिल्ला ................................... उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ....................... बस्ने/ नावालक श्री .................................................. को अभिभावक/संरक्षक ......................................... ले मुख्यमन्त्री बेटी पढाऊँ, बेटी बचाउँ अभियान अन्तर्गत छोरी शिक्षा बीमा/मुद्दती बचत कार्यक्रममा सहभागी हुन निम्न अनुसारका शर्तहरुको अधिनमा रहि प्रतिबद्धता गर्दछु ।

शर्तहरु

१. म छोरी पढाउने प्रतिवद्धता व्यक्त गर्दछु र कम्तिमा विद्यालय शिक्षा (१२ कक्षा वा सो सरह) पूरा गराउन प्रतिवद्ध छु ।
२. प्रचलित कानूनको अधिनमा रहि छोरीको उमेर २० (वीस) वर्ष पूरा नभएसम्म विवाह गराउने छैन ।
३. मुद्दती बचत कार्यक्रमका शर्त, नियम तथा निर्देशन, प्रतिबद्धता बाहिर अन्य कुनै सेवा सुविधा दाबी गर्ने छैन ।
४. म छोरा छोरी बीच लैङ्गिक विभेद रहित समान व्यवहार गर्नेछु।
५. कार्यविधि बमोजिमको अवधि वा अवस्था भएपछि प्राप्त हुने मुद्दती बचत रकम छोरीको क्षमता विकासका कार्यमा खर्च गर्न प्रोत्साहित गरि निजको उज्वल भविष्य निर्माणमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

**प्रतिवद्धता जाहेर गर्नेको विवरण**

नाम थर :.................................................. ठेगाना ..................................

बालिकासँगको नाता ..................................... नागरिता प्र.प.नं.........................

हस्ताक्षर ................. मिति २०७९।    ।    सम्पर्क नं.

**साक्षीहरुको विवरणः**

(१) नाम थर.................................... ठेगाना ......................................

हस्ताक्षर    मिति २०७९।    ।    सम्पर्क नं........................

(२) नाम थर.................................... ठेगाना ......................................

हस्ताक्षर    मिति २०७९।    ।    सम्पर्क नं........................

मधेस प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

जनकपुरधाम, धनुषा ।

पत्र संख्याः-२०७९/०८०
चलानी नं.:- ९३

मितिः- २०७९/०७/२३

विषय: छोरी विमा कार्यक्रमको लागि आवश्यक सहयोग गरिदिने सम्बन्धमा।

श्री मधेशप्रदेश अन्तरगतका सबै पालिकाहरु
मधेश प्रदेश।

प्रस्तुत विषयमा यस निर्देशनालयबाट आ. व. २०७९/८० देखि मुख्यमन्त्री बेटी पढ़ाऊ बेटी बचाऊ कार्यक्रम अभियान अन्तरगत छोरी विमा/मुद्धती कार्यक्रम अनलाइनबाट संचालन भइरहेको छ। यो कार्यक्रम सफल बनाउन तथा २०७८/१०/०१ देखि जन्मिएका छोरीहरुलाई समेट्नका लागि फिल्ड मोबिलाइजरहरुलाई सबै पालिकामा खटाइएको छ। उहाँहरुलाई आवश्यक सहयोग गरी हाम्रा साना नानीहरुलाई विमितहुन सहयोग गरिदिनुहुन अनुरोध छ।

किशोरीकापर
शाखा अधिकृत
(अधिकृत आँठौं)

श्री महिला विकास शाखा
०७९/८/२९

Contact person: Riya Roy
District coordinator.
Saptari
9807707373.